प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# प्राविधिक प्रशिक्षण प्रतिष्ठान(TITI)

सानोठिमी, भक्तपुरको

## कोशी प्रदेशमा सीप परीक्षण मूल्यांकनकर्ता (Skill Test Assessor)तालिम सञ्चालन हुने सम्बन्धी अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मिति २०८०/०२/०४ गते**

प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशको राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (NVQS-II) परियोजनातर्फको बजेटबाट प्राविधिक प्रशिक्षण प्रतिष्ठान **(TITI)**, राष्ट्रिय सीप परीक्षण समिति (**NSTB)** र सामाजिक विकास मन्त्रालय बीच भएको त्रिपक्षीय सम्झौता बमोजिम प्रतिष्ठान (TITI) ले सीप परीक्षण मूल्यांकनकर्ता (Skill Test Assessor) तालिम सञ्चालन गर्ने भएकाले तपसीलमा उल्लेख भएबमोजिम योग्यता तथा अनुभव भएका नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र वा मिति २०८०/०२/१८ गते राति १२ बजे सम्म प्रतिष्ठानको वेबसाइट www.titi.org.np मा आवश्यक कागजपत्रहरु संलग्न गरी अनलाइन फाराम भर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सहभागी छनौटको लागिशर्त तथा मापदण्डहरु

१। .तालिम सञ्चालनहुने विषयहरु

१. कृषि
२. कम्प्युटर
३. हस्पीटालिटी
४. निर्माण (प्लम्बर, बिल्डिङ्ग पेन्टर)
५. बिजनेस सर्भिस(enterprise development facilitator)
६.व्युटिसियन
७. इलेक्ट्रोनिक्स (मोवाईल फोन)
८.इ.सी.डि.एफ (Early child hood facilitator)
९. टेलरिङ्ग

२.तालिमको लागि आवश्यक न्यूनतम योग्यता

- एस.एल.सी/एस.ई.ई.उत्तीण एवं राष्ट्रिय सीप परीक्षण समितिको सम्बन्धित पेशा/व्यावसायमा कम्तीमा तह २ उत्तिर्ण गरेको
- औपचारिक अध्ययन अध्यापन हुने संकायमा कम्तिमा प्राबिधिक एस.एल.सी वा प्रि-डिप्लोमा उत्तिर्ण गरि सम्बन्धित पेशा वा व्यावसायमा कम्तीमा ३ (तिन) बर्ष कार्य अनुभव भएको ।
- एस.एल.सी/एस.ई.ई.उत्तीण एवं औपचारिक अध्ययन अध्यापन नहुने वा राष्ट्रिय सीप परीक्षण समितिको तह २ (दुई) नभएको संकायमा राष्ट्रिय सीप परीक्षण समितिको तह १ (एक) उत्तिर्ण गरि सम्बन्धित पेशामा कम्तिमा ३ (तिन) वर्ष कार्य अनुभव भएको ।

३.**छनौटका आधारहरु** : शैक्षिक योग्यता/व्यावसायमा सीप परीक्षण, सम्बन्धित कार्य अनुभव, लिङ्ग, लक्षित बर्ग, स्थानीयता, **TITI** को प्रशिक्षक प्रशिक्षण सम्बन्धि तालिम (ToT/O-ToT, IS)

**४.अन लाइन फारामको साथ पेश गर्नुपर्ने कागजपत्रहरु :** नेपाली नागरिकता प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्रहरु वा सीप परीक्षणको प्रमाणपत्रहरुको प्रतिलिपीहरु र मान्यता प्राप्त संस्थामा सम्बन्धित क्षेत्रको कार्य अनुभवको पत्र, लक्षित बर्ग जनाउने हाल बसोबास गरेको स्थानीयतहको सिफारिस पत्र ।

**५.तालिम सञ्चालनहुने स्थान, मिति, विषय र कोटा संख्या**

| क.सं. | बिषयहरु | समुह १ : २०८०/२/२९ गते देखि.०८०/३/०१ गते सम्म, विर्तामोड, झापा | समुह २ : २०८०/२/२९ गते देखि.०८०/३/०१ गते सम्म, इटहरी, सुनसरी | समुह ३ : २०८०/२/२९ गते देखि.०८०/३/०१ गते सम्म, विराटनगर, मोरङ्ग | समुह ४ : २०८०/३/३ गते देखि.२०८०/३/०७ गते सम्म, विर्तामोड, झापा | समुह ५ : २०८०/३/३ गते देखि.२०८०/३/०७ गते सम्म, विराटनगर, मोरङ्ग |
|---|---|---|---|---|---|---|
| १ | कृषि | ४ | ४ | ४ | ४ | ४ |
| २ | कम्प्युटर | ३ | ३ | ३ | ३ | ३ |
| ३ | हस्पीटालिटी | २ | २ | २ | २ | २ |
| ४ | निर्माण ((प्लम्वर, विल्डिङ्ग पेन्टर) | ४ | ४ | ४ | ४ | ४ |
| ५ | विजनेस सर्भिस (enterprise development facilitator | १ | १ | १ | १ | १ |
| ६ | व्युटिसियन | २ | २ | २ | २ | २ |
| ७ | इलेक्ट्रोनिक्स (मोवाइलफोन) | १ | १ | १ | १ | १ |
| ८ | इ.सी.डि.एफ(Eariy childhood facilitator) | १ | १ | १ | १ | १ |
| ९ | टेलरिङ | २ | २ | २ | २ | २ |

६.तालिमको अवधि ५ दिनर समय बिहान ९:३० बजे देखि बेलुकी ४:४५ बजे सम्म हुनेछ । तालिम अवधि भर पुरा समय सहभागी हुनु पर्नेछ तथा तालिम समाप्त भएपछि प्रमाण पत्र दिइनेछ ।

७.तालिमको लागि छनौट भएका सहभागीको नामावली वेवसाइटमा प्रकाशन गरिने र टेलिफोन मार्फत जानकारी गराईनेछ ।

८.पेश गर्नुपर्ने प्रमाणपत्रहरु त्था कागजातहरु पेश नगरेमा वा शर्त सहितको अपूर्ण आवेदन स्वीकार्य हुने छैन ।

९.तालिम सम्पन्न भएपछि प्रतिष्ठानको नियमानुसार सुविधा दिईनेछ ।

१०.तालिमको लागि सहभागीहरुको छनौट, व्यवस्थापन र यस सम्बन्धी अन्य कार्यहरुका लागि प्राबिधिक प्रशिक्षण प्रतिष्ठानले गरेको निर्णय अन्तिम हुनेछ ।

११.तोकिएको विषयमा निर्धारित संख्यामा सहभागी छनौट नभएमा वा अपुग भएमा अन्य बिषयहरुका सहभागी लिई तालिम सञ्चालन गरिनेछ ।

१२.तालीममा सहभागि छनौट गर्दा कोशी प्रदेश भित्र स्थायी वसोवास भएका आवेदकहरुलाई प्राथमिकता दिईनेछ । तोकिएका संख्यामा कोशी प्रदेशका व्यक्तिहरुबाट रित पूर्वक आवेदन नपरेमा अन्य प्रदेशका सहभागीहरुलाइ छनौट गरिनेछ ।

**नोट** :थप जानकारीका लागि प्राविधिक प्रशिक्षण प्रतिष्ठानको फोन नं. ०१-६६३०१८४,०१-६६३०४०९ मा सम्पर्क गर्न सकिने छ ।

यो सूचना प्राविधिक प्रशिक्षण प्रतिष्ठानको वेबसाइट www.titi.org.npमा र राष्ट्रिय सीप परीक्षण समितिको www.nstb.org.np का साथैप्रदेश सरकार सामाजि कविकास मन्त्रालय, कोशी प्रदेश कार्यालयको mosd.prov1.gov.np मा र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद प्रदेश कार्यालय कोशी प्रदेशको वेबसाईट https://ctevtp1.org.npमासमेत हेर्न तथा फाराम भर्न सकिनेछ ।

आवेदन फाराम तल दिईएको लिंक खोली राम्ररी पढेर बुझेर मात्र भर्नुहोला ।

https://forms.gle/FnZvoMEUPpMu

GSqN6

कार्यकारी निर्देशक